तिलोत्तमा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ९) तिलोत्तमा, माघ महिना २८ गते २०८२ साल (संख्या १०

## भाग : २

## तिलोत्तमा नगरपालिका

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## कार्यविधिको नाम : तिलोत्तमा नगरपालिकाको सुरक्षित आवास (सेफ हाउस) सञ्चालन कार्यविधि, २०८२

**प्रस्तावनाः** तिलोत्तमा नगरपालिकामा लैङ्गिक हिंसा, घरेलु हिंसा, बलात्कार, यौन दुर्व्यवहार, बालविवाह, घर निकाला र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक माथि हुने दुर्व्यवहारबाट प्रभावित व्यक्तिहरूलाई तत्काल सुरक्षित, गोप्य र मानवअधिकारमा आधारित आवासीय सेवा प्रदान गर्न वाञ्छनीय देखिएकोले तिलोत्तमा नगरपालिकाको केही कानुन तर्जुमा र व्यवस्थापन गर्न बनेको ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी तिलोत्तमा नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "तिलोत्तमा नगरपालिकाको सुरक्षित आवास (सेफ हाउस) सञ्चालन कार्यविधि, २०८२ रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"आवास गृह"** भन्नाले हिंसा प्रभावित महिला, किशोरी तथा बालिकाहरूलाई न्यायिक कार्यसम्पादन गरुन्जेलको लागि व्यवस्था गरिएको सुरक्षित आवास वा पुनर्स्थापना केन्द्र (सेफ हाउस) सम्झिनुपर्छ ।

(ख) **"कार्यालय"** भन्नाले आवास गृहको कार्यालयलाई  सम्झनुपर्छ ।

(ग) **"सम्प्रेषक"** भन्नाले हिंसा प्रभावित किशोरी, महिला, बालबालिका, अपाङ्गता र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका व्यक्तिहरूलाई उद्धार, संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श, कानुनी सहायता तथा पारिवारिक एवम् सामाजिक पुनर्स्थापना जस्ता कार्यका लागि आवास गृहमा प्रेषण गर्ने व्यक्ति वा निकायलाई सम्झिनुपर्छ ।

(घ) **"घरेलु हिंसा"** भन्नाले घरेलु हिंसा, कसुर र सजाय ऐन, २०६६ अन्तर्गतको घरेलु नाता सम्बन्ध भित्र पर्ने व्यक्तिद्वारा गरिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक हिंसालाई सम्झनुपर्छ ।

(ङ) **"लैङ्गिक"** हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसैप्रति शारीरिक, मानसिक वा यौनजन्य रूपमा पीडा वा क्षति पुर्‍याउने कार्यलाई सम्झनुपर्छ।

(च) **"पीडित"** भन्नाले हिंसाबाट प्रत्यक्ष रूपमा पीडामा परेका वा हिंसाबाट प्रभावित महिला, किशोरी, बालबालिका तथा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## लक्षित समूह र सूचीकृत सम्बन्धी व्यवस्था

**३. लक्षित समूहः** सुरक्षित आवास तथा पुनर्स्थापना केन्द्र (सेफ हाउस) मा देहायका व्यक्तिहरूलाई राख्नुपर्नेछ ।

(क) घरेलु हिंसा तथा पारिवारिक प्रताडनाबाट प्रभावित महिला, बालबालिका र किशोरीहरू,

(ख) बलात्कार, यौन हिंसा र दुर्व्यवहारबाट प्रभावित महिला, बालबालिका तथा किशोरीहरू,

(ग) बालविवाह तथा विवाहको नाममा हुने दुर्व्यवहारबाट प्रभावित महिला, बालबालिका तथा किशोरीहरू,

(घ) हिंसा प्रभावित वा समाजबाट बहिष्कृत यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्तिहरू,

(ङ) अन्य कुनै पनि प्रकारको सामाजिक हिंसा तथा उत्पीडनको शिकार भई अस्थायी आवासको खाँचो भएका व्यक्ति ।

**४. सूचीकृत भई अनुमति लिनुपर्नेः** तिलोत्तमा नगरपालिकामा सुरक्षित आवास तथा पुनर्स्थापना केन्द्र (सेफ हाउस) सञ्चालन गर्न ईच्छुक संस्था नगरपालिकामा सूचीकृत भई अनुसूची-१ बमोजिमको ढाँचामा अनुमति लिनुपर्नेछ ।

**५. कार्यक्षेत्रः** दफा ५ बमोजिम सूचीकृत भएका संस्थाको कार्यक्षेत्र नगरकार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## मापदण्ड र जनशक्ति सम्बन्धी व्यवस्था

**६. आवासको मापदण्डः**

(१) सुरक्षित आवास तथा पुनर्स्थापना केन्द्र (सेफ हाउस) को आवासगृहको लागि देहायको मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

(क) चारैतिर झट्ट कोही प्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल वा तारबार गरेको

(ख) घरभित्र खुला ठाउँ रहेको

(ग) आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्वार भएको

(घ) सुरक्षाको दृष्टिकोणले उपयुक्त स्थान

(ङ) दुबैपट्टि झ्याल रहेका हावा खेल्ने कोठाहरू भएको

(च) प्रत्येकका लागि छुट्टाछुट्टै खाटको व्यवस्था भएको

(छ) प्रभावित बालबालिकाका लागि अलग्गै कोठाको व्यवस्था भएको

(ज) मनोसामाजिक परामर्शदाताका लागि छुट्टै कोठाको व्यवस्था भएको

(झ) मनोरञ्जन र अन्तरक्रियाका लागि साझा कोठा (Common Room) भएको

(ञ) शौचालय तथा स्नान कोठा भएको

(ट) साझा टेलिभिजन भएको

(ठ) ठाउँ हेरी पंखा, हिटर वा ए.सी.को व्यवस्था भएको

(ड) स्रोत हेरी पर्याप्त पानी व्यवस्था भएको

(ढ) सुरक्षाका लागि पहरेदारको व्यवस्था भएको

(ण) आफैले व्यवस्था गर्न नसक्नेका लागि कम्तिमा एक एक जोर चप्पल र एकसरो लगाउने कपडाको व्यवस्था भएको

(२) सुरक्षित आवासमा खाना र नास्ताको सम्बन्धमा कम्तिमा देहायको व्यवस्था भएको हुनुपर्नेछ ।

क) विहान चियासँगै सामान्य खाजा,

ख) दिउँसो खाना,

ग) अपरान्ह पूर्ण खाजासँगै चिया,

घ) बेलुकीको खाना,

ङ) मांसाहारीका लागि कम्तिमा सातामा एकपल्ट माछा वा मासु,

च) शाकाहारीका लागि दूध, दही, फलफूल

छ) उमालेको वा शुद्धीकरण गरेको पिउने पानी

(३) सुरक्षित आवासमा स्वास्थ्योपचारको सम्बन्धमा कम्तिमा देहायको व्यवस्था भएको हुनुपर्नेछ ।

क) प्राथमिक उपचार बाकस,

ख) समस्या हेरी नियमित उपचार,

ग) आकस्मिक उपचार,

घ) बालिकाका हकमा उमेर अनुसार लगाउनुपर्ने खोप ।

(४) सुरक्षित आवासमा मनोसामाजिक विमर्शको सम्बन्धमा कम्तिमा देहायको व्यवस्था भएको हुनुपर्नेछ ।

क) संरक्षित व्यक्तिलाई हप्तामा एकपल्ट अनिवार्य सेवा

ख) संरक्षित व्यक्तिको मनोदशा हेरी थप आवश्यक सेवा

ग) सेवाग्राहीको व्यक्तिगत विवरणको गोप्यता कायम गर्ने व्यवस्था

(५) कानूनी सेवाको सम्बन्धमा कम्तिमा देहायको व्यवस्था भएको हुनुपर्नेछ ।

क) प्रभावित महिलाले निःशुल्क प्राप्त गर्न आवश्यक परामर्श र उपचारका लागि चाहिएको सेवा ।

ख) प्रभावित महिलाले प्रचलित कानून बमोजिमको हक प्राप्त गर्न आवश्यक परामर्श र उपचारका लागि चाहिएको सेवा ।

७. **गोपनियता र सुरक्षाका मापदण्डहरू:** सुरक्षित आवास तथा पुनर्स्थापना केन्द्र (सेफ हाउस) मा गोपनीयता र सुरक्षाका मापदण्डहरू देहाय बमोजिम हुनुपर्नेछ ।

(क) सेफ हाउसको स्थान केबल अधिकार प्राप्त निकायलाई मात्र जानकारी गराउनुपर्नेछ

(ख) असम्बन्धित व्यक्तिहरूको प्रवेश पूर्ण रूपमा नियन्त्रित हुनुपर्नेछ ।

(ग) पीडितको व्यक्तिगत जानकारी कानुनी आवश्यकता बाहेक अन्यत्र प्रयोग गर्न पाईनेछैन।

(घ) सुरक्षाका लागि चौबिसै घण्टा महिला सुरक्षाकर्मी र सिसीटिभीको निगरानीमा हुनुपर्नेछ।

(ङ) सेवाग्राहीको अभिलेख पूर्ण रूपमा गोप्य राख्नुपर्नेछ ।

८. **जनशक्तिः**

(१) सुरक्षित आवास तथा पुनर्स्थापना केन्द्र (सेफ हाउस) मा कम्तिमा देहाय बमोजिमको जनशक्तिको व्यवस्था भएको हुनुपर्नेछ ।

(क) आवासगृह संयोजक -एक जना,

(ख) घटना व्यवस्थापक -एक जना,

(ग) महिला वार्डेन -एक जना,

(घ) मनोविमर्शकर्ता -एक जना (केसको अवस्था अनुसार संख्या वृद्धि गर्न सकिने),

(ङ) सरसफाईकर्मी सहयोगी महिला -१ जना,

(च) सुरक्षाकर्मी (पालेपहरे) -आवश्यकतानुसार

(२) सेफहाउसमा रहने प्रभावितहरूको सङ्ख्याको आधारमा उपदफा (१) बमोजिमको न्यूनतम जनशक्तिको मापदण्डलाई नगरपालिकाले पुनर्विचार गर्न सक्नेछ ।

## परिच्छेद-४

## अनुगमन र सुपरीवेक्षण सम्बन्धी व्यवस्था

९. **अनुगमन समितिः** नगरपालिकामा सुरक्षित आवास तथा पुनर्स्थापना केन्द्र (सेफ हाउस) को अनुगमन तथा सुपरीवेक्षण गर्न देहायको समिति रहनेछ ।

| | |
|---|---|
| (क) उपप्रमुख | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) केन्द्र रहेको वडाको वडाध्यक्ष | सदस्य |
| (घ) महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख | सदस्य |
| (ङ) ईलाका प्रहरी कार्यालयको प्रमुख | सदस्य |

१०. **अनुगमन समितिको कामः** अनुगमन समितिको काम देहाय बमोजिम हुनेछ ।

(क) मापदण्ड बमोजिम सुरक्षित आवास तथा पुनर्स्थापना केन्द्र (सेफ हाउस) सञ्चालन भए नभएको सम्बन्धमा अनुगमन गर्ने ।

(ख) तत्कालै सुधार गर्नुपर्ने विषयमा स्थलगत रूपमा सुधारको लागि निर्देशन दिने ।

(ग) पटक पटक मापदण्ड विपरीत हुने गरि सञ्चालन गरेको देखिएमा कारबाहीको लागि नगरपालिका समक्ष सिफारिस गर्ने ।

## परिच्छेद-५
## विविध

**११.निर्देशन दिन सक्ने:** नगरपालिकाले सुरक्षित आवास तथा पुनर्स्थापना केन्द्र (सेफ हाउस) सञ्चालन सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

**१२.अनुमति रद्द हुने:**

(१) यस कार्यविधिको बर्खीलाप हुने गरी सुरक्षित आवास तथा पुनर्स्थापना केन्द्र (सेफ हाउस) सञ्चालन गरेको पाईएमा नगरपालिकाले सम्बन्धित केन्द्रलाई सचेत गराउनेछ ।

(२) बारम्बार बर्खीलाप गरेको पाईएमा नगरपालिकाले त्यस्तो केन्द्रको अनुमति खारेज गर्न सक्नेछ ।

**१३.संशोधन गर्न सकिने:** यस कार्यविधिमा आवश्यक परेमा कार्यपालिकाले आवश्यक संशोधन वा हेरफेर गर्न सक्नेछ ।

**१४.खारेजी बचाउ:** सुरक्षित आवास तथा पुनर्स्थापना केन्द्र (सेफ हाउस) सञ्चालन सम्बन्धमा यस अघि नगरपालिकाबाट भए गरेका काम यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

(कार्यविधिको दफा ४ सँग सम्बन्धित)

अनुमतिको ढाँचा

मितिः२०/....../..........

विषयः अनुमति दिइएको सम्बन्धमा ।

श्री ......................................,

............................................................ ।

प्रस्तुत विषयमा यस नगरपालिकाको सुरक्षित आवास सञ्चालन कार्यविधि, २०८२ को दफा ३ बमोजिमका हिंसा पिडित तथा प्रभावितहरुको लागि त्यस संस्थाको माग तथा यस कार्यालयको मिति २०......./............./..........को निर्णयानुसार सुरक्षित आवास तथा पुनर्स्थापना केन्द्र सेफ हाउस सञ्चालन गर्न यो अनुमति दिइएको छ ।

अनुमति दिनेको

दस्तखतः.....................

नामथरः..........................

पदः................................

मितिः२०......./......./.......

**आज्ञाले**

**प्रमाणीकरण मितिः २०८२/१०/२८ गते**

**(खुमलाल भुसाल)**

**प्रमुख प्रशासकीय अधिकृत**